# महासीहनादसुत्तं

(यस सूत्रमा बुद्धले आफ्नो केही आत्मकथा
बताउनु भएको थियो ।)



अनुवादक

भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital

# महासीहनादसुत्तं

(यस सूत्रमा बुद्धले आफ्नो केही आत्मकथा
बताउनु भएको थियो ।)

अनुवादक

**भिक्षु अमृतानन्द**

Downloaded from http://dhamma.digital

प्रकाशक–

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार (नघःल)

बुद्ध सम्बत् २५२८
नेपाल सम्बत् ११०४
बिक्रम सम्बत् २०४१
ईस्वी सम्बत् १९८४

प्रथमावृत्ति १५००


मुद्रक–

**नेपाल प्रेस**

शुक्रपथ, काठमाडौं

फोन– २११०३२

Downloaded from http://dhamma.digital



# धर्मदान

स्वर्गीय पूज्य पिता श्री मोतीमान शाक्य तथा माता श्रीमती लानीमाया शाक्यको पुण्य-स्मृतिमा निर्वाण कामनाको प्रार्थना गर्दै यो "महासीहनादसुत्त" नामक ज्ञानबर्द्धक पुस्तक धर्मदान गर्दछौं ।

**श्री लोकमान शाक्य तथा श्रीमती कृष्णदेबी शाक्य**

भोटेबहाल, काठमाडौं

**(लोकमान एण्ड सन्स) नारायणगढ**

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी १०२ अंकको रूपमा यस पुस्तक प्रकाशीत गर्न पाएकोमा खुशी लागेको छ। अध्ययन गोष्ठीका विभिन्न कृयाकलाप मध्य पुस्तक–प्रकाशन पनि एक सन्तोषप्रद कार्य भएको छ। तपाइँहरू सबैको सहयोगबाट नै यी सबै कार्यहरू गर्न सकिएको हो।

मन्दिर–विहार नभएका स्थान एवं जान नसक्नेहरूका लागि यी पुस्तकहरू उपयोगी हुने छन् भन्ने बिश्वास गर्दछु। बुद्ध र वहाँका अमर शन्देशहरू सम्बन्धी विभिन्न विषयका एवं स्तरीय पुस्तकहरू प्रकाशीत गर्दै जाने यस गोष्ठीको लक्ष रहेको छ—यसमा लेखक एवं चन्दा दाता सबैको सहयोग अपेक्षित छ।

यस पुस्तक प्रकाशीत गर्ने अनुमति दिनु भएकोमा पुस्तकका लेखक पूज्य अमृतानन्द महास्थविरप्रति कृतज्ञता ज्ञापन गर्दछु। पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग दिनु भएकोमा श्री लोकमान शाक्य र श्रीमती कृष्णदेबी शाक्य परिवार धन्यवादका पात्र छन्। अनि सदाझैं प्रूफ पढि पुस्तक छपाइमा सहयोग गरी दिनु हुने पूज्य भिक्षु अश्वघोषप्रति पनि कृतज्ञता व्यक्त गर्दछु।

**अनगारीका धम्मवती**
अध्यक्ष,
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

आश्वीन २१, २०४१

Downloaded from http://dhamma.digital

# विषय - सूची


| | |
|---|---|
| सुनक्खत्त भिक्षुले चीवर छाडे | १ |
| तथागतका दशबलहरू | ४ |
| तथागतका चार वैशारदचता | १० |
| आठ परिषद्मा अभय प्राप्त तथागत | १२ |
| चार योनिहरू | १३ |
| पाँच गतिहरू | १४ |
| चतुरंग ब्रह्मचर्य | २१ |
| दुष्करचर्या | २५ |
| विविध शुद्धिहरू | २८ |


Downloaded from http://dhamma.digital

मूल सूत्र—

# सुनक्खत्त भिक्षुले चीवर छाडे

(महासीहनादसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् वैशालीको नगर बाहिर पश्चिमतिरको बनखण्डमा बस्नुभएको थियो । त्यसबखत सुनक्खत्त (=सुनक्षत्र) लिच्छवीपुत्रले यस धर्मलाई भरखरै छाडेर गएका थिए । उनी वैशालीको सभाषद्मा यस्तो भन्दथे—"श्रमण गौतममा उत्तरीय मनुष्यधर्म (=दिव्यशक्ति) र ज्ञानदर्शन गर्ने विशेषता छैन । श्रमण गौतम आफूले स्वयं जानेका कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन् । जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचरण गर्नेको दुःख क्षय हुन्छ ।"

अनि आयुष्मान् सारिपुत्र पूर्वाण्ह समयमा चीवर पहिरी पात्र चीवर ग्रहण गरी वैशालीमा भिक्षाटन्को निमित्त जानुभयो । त्यसबखत आयुष्मान् सारिपुत्रले सुनक्खत्त लिच्छवीपुत्रले यस्तो भनेको सुन्नुभयो—"श्रमण गौतममा

१. म. नि. I. पृ. ६६: महासीहनादसुत्त; अ. क. II. पृ. १५.

Downloaded from http://dhamma.digital

मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन । श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन् । जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचरण गर्नेको दुःख क्षय हुन्छ ।"

अनि आयुष्मान् सारिपुत्र वैशालीमा भिक्षाटन् गरी भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो – "भन्ते ! सुनक्खत्त लिच्छवीपुत्र यस धर्मबाट हालसालै चीवर छाडेर गए । उनी वैशालीका सभाषद्लाई यसो भन्दछन् – 'श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञान-दर्शन गर्ने विशेषता छैन । . . . ."

"सारिपुत्र ! त्यो तुच्छ सुनक्खत्त क्रोधी छन् । क्रोधको कारणले उनले यस्तो भनेका हुन् । सारिपुत्र ! बदनाम गर्छु भन्दा भन्दै तुच्छ सुनक्खत्तले तथागतको वर्णन नै गरेका छन् । सारिपुत्र ! 'जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचरण गर्नेको दुःख क्षय हुन्छ' भन्नु नै तथागतको वर्णन हो ।

"सारिपुत्र ! 'वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध विद्याचरण सम्पन्न सुगत लोकविद् अनुपम पुरुषदम्यसारथी देवमनुष्यका शास्ता तथा भगवान् बुद्ध हुन्' भन्ने यति कुराको ज्ञान पनि मोघपुरुष सुनक्खत्तमा छैन ।

Downloaded from http://dhamma.digital

"सारिपुत्र ! 'भगवान् अनेक प्रकारका ऋद्धिविध'[1] ज्ञान जान्दछन्' भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।

"सारिपुत्र ! 'भगवान्ले अमानुषीय दिव्यचक्षुद्वारा दिव्यशब्द र मनुष्यशब्दहरू सुन्न सक्छन्' भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।

"सारिपुत्र ! 'भगवान्ले अरू प्राणीहरूको चित्तलाई आफ्नो चित्तले जान्दछन् – जस्तै – सराग चित्तलाई 'सराग-चित्त' भनी, वीतराग चित्तलाई 'वीतरागचित्त' भनी, सदोष चित्तलाई 'सदोषचित्त' भनी, वीतदोष चित्तलाई 'वीतदोषचित्त' भनी, समोह चित्तलाई 'समोहचित्त' भनी, वीतमोह चित्तलाई 'वीतमोहचित्त' भनी, संक्षिप्त चित्तलाई 'संक्षिप्तचित्त' भनी, विक्षिप्त चित्तलाई 'विक्षिप्तचित्त' भनी, महत्गत चित्तलाई 'महत्गतचित्त' भनी, अमहत्गत चित्तलाई 'अमहत्गतचित्त' भनी, सउत्तर चित्तलाई 'सउत्तरचित्त' भनी, अनुत्तर चित्तलाई 'अनुत्तरचित्त' भनी, समाहित चित्तलाई 'समाहितचित्त' भनी असमाहित चित्तलाई 'असमाहितचित्त' भनी, विमुक्त चित्तलाई 'विमुक्तचित्त' भनी तथा अविमुक्त चित्तलाई 'अविमुक्तचित्त' भनी जान्दछन् भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।

---

१. 'ऋधिविध-ज्ञान' भनेको कस्तो हो भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ५९२ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

## तथागतका दशबलहरू

"सारिपुत्र ! तथागतका यी दशबलहरू[१] हुन् । जुन बलले युक्त भई तथागतले आसभ[२] (=श्रेष्ठ) स्थान प्राप्त गर्छन्, परिषद्को बीचमा सिंहनाद[३] गर्छन् र ब्रह्मचक्र (=धर्मचक्र) प्रवर्तन गर्छन् । कुन दश भने ?

(१) "सारिपुत्र ! यहाँ तथागत कारणलाई कारण र अकारणलाई अकारण[४] भनी यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत कारणलाई कारण भनी र अकारणलाई कारण भनी यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत आसभ स्थान प्राप्त गर्छन् परिषद्को बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(२) "सारिपुत्र ! फेरि तथागत भूत भविष्य वर्तमान कर्मको कारणद्वारा विपाक (=फल) लाई यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागतले भूत भविष्य वर्तमान कर्मको कारणद्वारा विपाकलाई यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत बल हो जुन बलले युक्त भई तथागत आसभ स्थान प्राप्त गर्छन् परिषद्को बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

---

१. 'बल' दुइ प्रकारका छन् । कायबल र ज्ञानबल । यी मध्ये कायबल भनेको हात्तीकुल परम्परानुसार दश हात्तीको बल भएकालाई 'कायबल' भनिएको हो । जस्तै —

Downloaded from http://dhamma.digital

"कालावकञ्च गङ्गेय्य, पण्डरं तम्बपिङ्गलं।
गन्ध मङ्गल हेमञ्च, उपोसथ छद्दन्तिमेदस ॥"

यी हुन् दशवटा हात्तीका दशबलहरू । यी मध्ये—

(१) कालवक भन्ने हात्तीमा दशजना मानिसहरूको बल हुन्छ। (२) दशवटा कालवक हात्तीहरूको बल एउटा गङ्गेय भन्ने हात्तीमा हुन्छ। (३) दशवटा गङ्गेय हात्तीहरूको बल एउटा पण्डर भन्ने हात्तीमा हुन्छ। (४) दशवटा पण्डर हात्तीहरूको बल एउटा तम्ब भन्ने हात्तीमा हुन्छ। (५) दशवटा तम्ब हात्तीहरूको बल एउटा पिङ्गल भन्ने हात्तीमा हुन्छ। (६) दशवटा पिङ्गल हात्तीहरूको बल एउटा गन्ध भन्ने हात्तीमा हुन्छ। (७) दशवटा गन्ध हात्तीहरूको बल एउटा मङ्गल भन्ने हात्तीमा हुन्छ। (८) दशवटा मङ्गल हात्तीहरूको बल एउटा हेमवत भन्ने हात्तीमा हुन्छ। (९) दशवटा हेमवत हात्तीहरूको बल एउटा उपोसथ भन्ने हात्तीमा हुन्छ र (१०) दशवटा उपोसथ हात्तीहरूको बल एउटा छद्दन्त भन्ने हात्तीमा हुन्छ। दशवटा छद्दन्त हात्तीहरूको बल तथागतमा हुन्छ। यसैलाई तथागतको 'कायबल' भनिन्छ। पपं. सू. II. पृ. २१: महासीहनादसुत्तवण्णना।

'ज्ञानबल' को विषयमा यसरी मूलपालिमा उल्लेख भएको पाइन्छ—दशबलज्ञान, चतुर्वैशारदयज्ञान, आठ परिषद्को बीचमा अकम्पितज्ञान, चतुर्योनि परिच्छेदज्ञान र पञ्चगति परिच्छेदज्ञान। यी कारणहरू संयुत्तनिकायमा बताइएका छन् (सं. नि. II. पृ. २५)

Downloaded from http://dhamma.digital

र २६: दसबलसुत्तं, निदानसंयुत्तं) । ७३ ज्ञानका कुराहरू (पटि. म. पा. पृ. १–६ मा) र ७७ ज्ञानका कुराहरू (पटि. म. अ. क. पृ. ४६८ मा) तथा अरु पनि अनेक हजार ज्ञानका कुराहरू छन् । यिनीहरूलाई 'ज्ञानबल' भनिएको हो । यस ठाउँमा पनि 'ज्ञानबल' लाई लिएर 'दसबल' भनिएको हो । किनभने ज्ञानको कारणद्वारा अकम्पित भएर बस्न सक्ने भएको हुनाले 'बल' भनिएको हो । पपं. सू. II. पृ. २१–२२: महासीहनादसुत्तवण्णना ।

२. 'आसभ' को अर्थ हो सर्वश्रेष्ठ स्थान, सर्वोत्तम स्थान । पूर्व बुद्धहरूको स्थान पनि हो । अर्को प्रकारले 'ऋषभ' लाई नै 'आसभ' भनिएको हो भनी पपं. सू. II. पृ. २२ ले उल्लेख गरेको छ ।

३. 'सिंहनाद' भनेको श्रेष्ठ नाद, निर्भीक नाद, सिंह जस्तै निर्भीक नादलाई 'सिंहनाद' भनिन्छ । लोकधर्मलाई सहन गर्ने र परप्रवाद-लाई मर्दन गर्ने हुनाले तथागतलाई 'सिंह' भनिन्छ । यस्तो गुण भएका सिंहको नाद 'सिंहनाद' हो भनी पपं. सू. II. पृ. २२: महासीहनादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४. भनाइको तात्पर्य यो हो कि—जसलाई जे कुरा गर्दा त्यसबाट उसलाई फलदायी हुन्छ भने 'फलदायी हुन्छ' भनी जान्न सक्ने र फलदायी हुन्न भने 'फलदायी हुन्न' भनी जान्न सक्ने ज्ञानलाई 'कारण' र 'अकारण' भनिएको हो । अर्थात् फलदायी र अफलदायी भनी बुझ्न सक्ने ज्ञानलाई भनिएको हो । पपं. सू. II. पृ. २३: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

(३) "फेरि सारिपुत्र ! तथागत सर्वत्रगामी (=सुगति दुर्गति जाने सबै) मार्गलाई यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत सर्वत्रगामी मार्गलाई यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत. . . .ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(४) "फेरि सारिपुत्र ! तथागत अनेकधातु नानाधातु हुने (=चक्षुधातु, कामधातु आदि) स्कन्धलोकलाई यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत अनेकधातु नानाधातु हुने स्कन्धलोकलाई यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत. . . . ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(५) "फेरि सारिपुत्र ! तथागत नानास्वभावका प्राणीहरूलाई यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत नानास्वभावका प्राणीहरूलाई जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत. . . .ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(६) "फेरि सारिपुत्र ! तथागत परसत्वका (=प्रधान व्यक्तिका) र परपुद्गलका (अप्रधान व्यक्तिका) इन्द्रियहरू (=श्रद्धेन्द्रिय आदि) को प्रबलता र दुर्बलताको बारेमा यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत परसत्वका र परपुद्गलका इन्द्रियहरूको प्रबलता र दुर्बलताको बारेमा यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-

Downloaded from http://dhamma.digital

बल हो जुन बलले युक्त भई तथागत. . . .ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(७) "फेरि सारिपुत्र ! तथागत ध्यान[1], विमोक्ष[2], समाधि[3], समापत्ति[4]को मलिनता, निर्मलता तथा उत्थानलाई यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत ध्यान, विमोक्ष, समाधि तथा समापत्तिको मलिनता निर्मलता तथा उत्थानलाई यथार्थतः जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत. . . .ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(८) "फेरि सारिपुत्र ! तथागत अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् । जस्तै — एक जन्मको कुरा, दुइ जन्मको कुरा. . . .[5] अनुस्मरण गर्छन् । सारिपुत्र ! जो यहाँ तथागत अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन्,. . . .सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत. . . .ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

---

१. प्रथमादि चतुर्थध्यान ।

२. अष्टविमोक्ष । हेर लेखकको बु. प. भा-१, पृ. ४४८ मा ।

३. सवितर्क सविचार तृतीयध्यान ।

४. प्रथमध्यान समापत्तिदेखि नवौं समापत्तिसम्म । हेर लेखकको बु. गु. भा-१, पृ. ६ मा अनुपूर्वविहार ।

५. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४६० मा अथवा बु. गु. भा-१, पृ. २५८ मा हेर्नू ।

Downloaded from http://dhamma.digital

(९) "फेरि सारिपुत्र ! तथागत अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचतामा उच्चतामा च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्छन्....[1]। सारिपुत्र ! जो यहाँ तथागतले अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचतामा उच्चतामा च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्छन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत.... ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

(१०) "फेरि सारिपुत्र ! तथागत आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छन् । सारिपुत्र ! जो यहाँ तथागत आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत....ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

"सारिपुत्र ! यिनीहरू नै तथागतका तथागत-बलहरू हुन् जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।

"सारिपुत्र ! कसैले जानेर पनि मलाई यस्तो भन्दछ– 'श्रमण गौतममा उत्तरी मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन्' सारिपुत्र ! यदि त्यो वचनलाई र

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. ४६२ मा दिव्य-चक्षुमा हेर्नू ।

Downloaded from http://dhamma.digital

चित्तलाई नछाडी तथा त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ । सारिपुत्र ! जस्तै—शीलसम्पन्न समाधि-सम्पन्न प्रज्ञासम्पन्न भिक्षु यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई, त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ ।

## तथागतका चार वैशारदयता

"सारिपुत्र ! यी चार तथागतका वैशारदयता हुन् जुन वैशारदयताले युक्त भई तथागत आसभस्थान प्राप्त गर्छन्, परिषद्को बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् । कुन चार भने ?—

(१) "सारिपुत्र ! मैले आफूलाई सम्यक्सम्बुद्ध हुँ भनी बताउँदा 'यी धर्महरू बोध गरेका छैनौ' भनी यो लोकका कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षेमप्राप्त, अभयप्राप्त तथा वैशारदय प्राप्त भई बस्छु ।

(२) "सारिपुत्र ! मैले आफूलाई क्षीणास्रवी हुँ भनी बताउँदा 'यी आस्रवहरू क्षीण भएका छैनन्' भनी यो लोकका कुनै श्रमण, .... तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र !

Downloaded from http://dhamma.digital

यसरी कुनै कारण नदेखेको हुँदा म क्षेम प्राप्त, अभय प्राप्त तथा वैशारदच प्राप्त भई बस्छु ।

(३) "सारिपुत्र ! जुन कुरा मैले बिघ्नकारक हो भनी बताउँछु त्यो कुरा सेवन गर्दा 'बिघ्नकारक हुन्न' भनी यो लोकका कुनै श्रमण, . . . . तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षेमप्राप्त, अभयप्राप्त तथा वैशारदच प्राप्त भई बस्छु ।

(४) "सारिपुत्र ! 'जसको निमित्त धर्मदेशना गरिएको हो सो त्यसको निमित्त तदनुसार आचरण गर्नेलाई दुःख क्षय हुन्न' भनी यो लोकका कुनै श्रमण. . . .तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षमप्राप्त, अभयप्राप्त तथा वैशारदच प्राप्त भई बस्छु ।

"सारिपुत्र ! कसैले यस्तो जानेर पनि मलाई 'श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तन-द्वारा भन्दछन्' भने सारिपुत्र ! त्यो वचनलाई नछाडी त्यो चित्तलाई नछाडी तथा त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ । सारिपुत्र ! जस्तै—शील सम्पन्न, समाधि सम्पन्न, प्रज्ञा सम्पन्न भिक्षुले यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ ।

Downloaded from http://dhamma.digital

## आठ परिषद्मा अभय प्राप्त तथागत

"सारिपुत्र ! यी आठ परिषद् हुन् । कुन आठ भने ?—

"(१) क्षत्री परिषद् (२) ब्राह्मण परिषद् (३) गृहपति परिषद् (४) श्रमण परिषद् (५) चातुर्महाराजिक परिषद् (६) त्रयस्त्रिंश परिषद् (७) मार परिषद् र (८) ब्रह्म परिषद् । सारिपुत्र ! यी नै आठ परिषद् हुन् । सारिपुत्र ! यी चार वैशारदयताले युक्त भई तथागत यी आठ परिषद्मा जान्छन् । सारिपुत्र ! अनेक क्षत्री परिषद्मा गएको कुरा मलाई थाहा छ । त्यहाँ अघि बसेको, कुराकानी गरेको र छलफल गरेको पनि मलाई थाहा छ । सारिपुत्र ! त्यहाँ ममा भय वा त्रास उत्पन्न हुन्छ भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यो कारण नदेखेर म क्षेम प्राप्त अभय प्राप्त तथा वैशारदय प्राप्त भई बस्छु ।

"सारिपुत्र ! अनेक शय ब्राह्मण परिषद्मा .... गृहपति परिषद्मा.... श्रमण परिषद्मा.... चातुर्महाराजिक परिषद्मा.... त्रयस्त्रिंश परिषद्मा.... मार परिषद्मा.... ब्रह्म परिषद्मा गएको कुरा पनि मलाई थाहा छ । त्यहाँ पनि अघि बसेको, कुराकानी गरेको र छलफल गरेको मलाई थाहा छ । सारिपुत्र ! त्यहाँ ममा भय वा त्रास उत्पन्न हुन्छ भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यो कारण नदेखेर म क्षेम प्राप्त अभय प्राप्त तथा वैशारदय प्राप्त भई बस्छु ।

Downloaded from http://dhamma.digital

"सारिपुत्र ! कसैले यस्तो जानेर पनि यस्तो भन्दछ भने ....[१] नरकमा राखे जस्तो हुनेछ ।

## चार योनिहरू

"सारिपुत्र ! यी चार योनिहरू हुन् । कुन चार भने ?—

"(१) अण्डजयोनि (२) जरायुजयोनि (३) संस्वेदजयोनि र (४) औपपातिकयोनि ।

"(१) सारिपुत्र ! कुनचाहिं अण्डजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू अण्डकोषलाई फोरी उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई अण्डजयोनि भन्दछन् ।

"(२) सारिपुत्र ! कुनचाहिं जरायुजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू वस्तिकोष (=गर्भाशय) लाई फोरी उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई जरायुजयोनि भन्दछन् ।

"(३) सारिपुत्र ! कुनचाहिं संस्वेदजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू कुहिएको माछामा, कुहिएको मृत शरीरमा, कुहिएको कुल्मास (खाना, रोटी आदि) मा, फोहर

---

१. यहाँका बाँकी कुरा माथि पृ. ११ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital

खाडलमा र फोहर ठाउँमा उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई संस्वेदजयोनि भन्दछन् ।

"(४) सारिपुत्र ! कुनचाहिं औपपातिकयोनि हो ? सारिपुत्र ! देवताहरू, नारकीकहरू, कुनै कुनै मनुष्यहरू तथा कुनै कुनै विनिपातिक (प्रेत) हरू छन् सारिपुत्र ! यसैलाई औपपातिकयोनि भन्दछन् ।

"सारिपुत्र ! यी नै चार योनिहरू हुन् ।

"सारिपुत्र ! कसैले यस्तो जानेर पनि मलाई यस्तो भन्दछ भने .... नरकमा राखे जस्तो हुनेछ ।

## पाँच गतिहरू

"सारिपुत्र ! यी पाँच गतिहरू हुन् । कुन पाँच भने ?—

"(१) नरक (२) तिर्यक् (३) प्रेत्यविषय (४) मनुष्य र (५) देव ।

"१–सारिपुत्र ! नरक पनि मलाई थाहाछ, नरकमा जाने मार्ग र नरकमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहाछ । २–सारिपुत्र ! तिर्यक्योनि पनि मलाई थाहाछ, तिर्यक्योनिमा जाने मार्ग र तिर्यक्योनिमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा

Downloaded from http://dhamma.digital

मृत्युपछि शरीरछाडी तिर्यक्योनिमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहाछ । ३–सारिपुत्र ! प्रेत्यविषय पनि मलाई थाहाछ, प्रेत्यविषयमा जाने मार्ग र प्रेत्यविषयमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी प्रेत्यविषयमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहाछ । ४–सारिपुत्र ! मनुष्यहरू पनि मलाई थाहाछ, मनुष्यलोक जाने र मनुष्यलोकमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी मनुष्यहरूमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहाछ । ५–सारिपुत्र ! देवताहरू पनि मलाई थाहाछ, देवलोकमा जाने मार्ग र देवलोकमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी सुगति स्वर्गलोकमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहाछ । ६–सारिपुत्र ! निर्वाण पनि मलाई थाहाछ[1], निर्वाण जाने मार्ग र निर्वाण पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छ त्यो पनि मलाई थाहाछ ।

(१) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म

---

१. पाँच गतिका कुराहरू भइरहेको ठाउँमा निर्वाणको कुरा किन भन्नुभएको होला भन्ने जिज्ञासाको सम्बन्धमा अर्थकथाले गतिमा जाने कुरा मात्र होइन परन्तु गतिबाट परिमुक्त हुने कुरा पनि देखाउनु हुँदै निर्वाणको कुरा बताउनु भएको हो भनी पपं. सू. II. पृ. ३०: महासीहनादसुत्तवण्णनाले प्रष्ट गरेको छ ।

Downloaded from http://dhamma.digital

आफ्नो चित्तले यसरी जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किशिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुनेछ।' अनि पछि सो पुरुष मरणपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भई अत्यन्त दुःख भएको तीव्र कटु दुःख वेदनालाई भोग गरिरहेको अलौकिक विशुद्ध दिव्यचक्षु-द्वारा म देख्दछु। सारिपुत्र! भनौंकि मानिस जत्रो गहिरो धुँवा नभएको ज्वाला नभएको अङ्गारको आगा भएको खाडल छ। अनि घाममा परेको घामले पोलेको थकित भएको प्यास लागेको कुनै पुरुष एउटै मात्र बाटो भएको सोही अङ्गारका आगा भएको खाडलतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ—'जुन तरिकाले यो पुरुष जाँदैछ जुन बाटो लागी यो पुरुष जाँदैछ त्यस अनुसार अवश्य पनि यो पुरुष सोही खाडलमा पर्नेछ।' अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई सोही खाडलमा परी तीब्र कटु दुःखानुभव गरिरहेको देख्छ। सारिपुत्र! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किशिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुनेछ।' अनि पछि गएर सो पुरुष मरणपछि शरीरछाडी अपाय....नरकमा उत्पन्न भई अत्यन्त दुःख

Downloaded from http://dhamma.digital

भएको तीव्र कटु दुःखवेदनालाई भोग गरिरहेको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म देख्दछु ।

(२) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ. . . .त्यस अनुसार यो पुरुष अवश्य पनि. . . . तिर्यक्मा उत्पन्न हुनेछ ।'. . . .अनि पछि. . . .तिर्यक्मा. . . .म देख्दछु । सारिपुत्र ! भनौंकि मानिस जत्रै गहिरो गुहु भएको खाडल छ । अनि घाममा परेको. . . .कुनै पुरुष एउटै मात्र बाटो भएको सोही गुहुको खाडलतिर जाने बाटो लागेर गएको हुन्छ । अनि कुनै आँखा देख्ने मानिसले. . . .देख्छ । सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म. . . .देख्दछु ।

(३) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई. . . . जान्दछु – 'जुन बाटोमा यो पुरुष गइरहेको छ. . . त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी प्रेत्यविषयमा उत्पन्न हुनेछ ।' अनि पछि . . .प्रेत्यविषयमा उत्पन्न भई धेरै दुःख-वेदना अनुभव गरिरहेको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म देख्दछु । सारिपुत्र ! भनौंकि कुनै विषम भूमिमा उम्रेको कम पात र छाया भएको रुख हुन्छ । अनि घाममा परेको. . . .कुनै पुरुष एउटै मात्र बाटो भएको सोही रुखतिर जाने बाटो लागेर गएको हुन्छ । अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ – 'जुन तरिकाले यो पुरुष जाँदैछ. . . .अवश्य पनि यो पुरुष सोही रुखमा पुग्नेछ ।' अनि पछि गएर त्यो पुरुषले यो

Downloaded from http://dhamma.digital

पुरुषलाई कम छाया भएको रुखमनि बसेर वा लेटेर धेरै दुःखवेदना भोग्दै बसेको देख्छ। सारिपुत्र! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म....देख्दछु।

(४) "सारिपुत्र! यहाँ कुनै व्यक्तिको चित्तलाई.... जान्दछु – 'जुन बाटोमा यो पुरुष गइरहेको छ... त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी मनुष्यहरूमा उत्पन्न हुनेछ।' अनि पछि....धेरै सुखवेदना अनुभव गर्दै मनुष्यहरूमा उत्पन्न भएको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म देख्दछु। सारिपुत्र! भनौंकि कुनै समभूमिमा उम्रेको प्रसस्त पात र छाया भएको रुख हुन्छ। अनि घाममा परेको....कुनै पुरुष एउटै मात्र बाटो भएको सोही रुखतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ—'जुन तरिकाले यो पुरुष जाँदैछ... अवश्य पनि यो पुरुष सोही रुखमा पुग्नेछ।' अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई छाया भएको रुखमनि बसेर वा लेटेर धेरै सुखवेदना भोग्दै बसेको देख्छ। सारिपुत्र! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म....देख्दछु।

(५) "सारिपुत्र! यहाँ कुनै व्यक्तिको चित्तलाई म....जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ..त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी सुगति स्वर्गलोकमा उत्पन्न हुनेछ।' अनि पछि...खूब सुखानुभव गर्दै सुगति स्वर्गलोकमा उत्पन्न भएको अलौकिक विशुद्ध

Downloaded from http://dhamma.digital

दिव्यचक्षुद्वारा म देख्दछु । सारिपुत्र ! भनौंकि गजुर भएको, लिउन लगाएको, हावा नलाग्ने, दैला ठूनेका, झ्यालहरू बन्द गरेको प्रासाद हुन्छ । त्यहाँ (त्यस प्रासादमा) खाट हुन्छ जसमा लामा लामा रोम भएको राधी वछ्याइएको हुन्छ त्यसमाथि शुद्ध सेतो बिछ्यौना लगाइएको हुन्छ, मृगचर्म बिछ्याइएको हुन्छ, तन्ना लगाइएको हुन्छ र दुबैतिर राता राता सिरानहरू राखेका हुन्छन् । अनि घाममा परेको. . . .कुनै पुरुष एउटै मात्र बाटो भएको सोही प्रासादतिर जाने बाटो लागेर गएको हुन्छ । अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ—'जुन तरिकाले यो पुरुष जाँदैछ. . . .अवश्य पनि यो पुरुष सोही प्रासादमा पुग्नेछ ।' अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई सोही गजुर भएको प्रासादमा सोही खाटमा बसी वा लेटी निकै सुखानुभव गरिरहेको देख्छ । सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म. . . .देख्दछु ।

(६) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म. . . .जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ. . .त्यस अनुसार यो पुरुष अवश्य पनि आस्रवहरूलाई क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछ ।' अनि पछि म उसलाई आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी निकै सुखानुभव गरी बसेको देख्छु । सारिपुत्र ! भनौंकि स्वच्छ नीर्मल शीतल पानी भएको सुप्रतिष्ठित पोखरी हुन्छ ।

Downloaded from http://dhamma.digital

नजिकैमा घना वनखण्ड पनि हुन्छ। अनि घाममा परेको, घामले पोलेको, थकित भएको, प्यास लागेको कुनै पुरुष एउटै मात्र बाटो भएको सोही पोखरीतिर जाने बाटो लागी गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ— 'जुन तरिकाले यो पुरुष जाँदैछ र जुन बाटो लागी यो पुरुष जाँदैछ त्यस अनुसार अवश्य पनि यो पुरुष सोही पोखरीमा पुग्नेछ।' अनि पछि त्यो पुरुषले यो पुरुषलाई सोही पोखरीमा नुहाई पानी पिई सबै प्रकारको थकावटलाई दूर गरी पोखरी-बाट माथि आई त्यो वनखण्डमा बसेर वा लेटेर निकै सुखानुभव गरेको देख्छ। सारिपुत्र! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु—'जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किशिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि आस्रवहरूलाई क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञा-विमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछ।' अनि पछि म उसलाई आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी निकै सुखानुभव गरी बसेको देख्दछु। सारिपुत्र! यी नै पाँच गतिहरू हुन्।

"सारिपुत्र! जसले यस्तो जानेर पनि मलाई यस्तो भन्दछ भने—'श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरा-लाई तर्क र चिन्तनद्वारा भन्दछन् भने सारिपुत्र। यो वचनलाई

Downloaded from http://dhamma.digital

नछाडी त्यो चित्तलाई नछाडी तथा त्या धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ। सारिपुत्र ! जस्तै—शील-सम्पन्न समाधिसम्पन्न प्रज्ञासम्पन्न भिक्षुले यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुने छ।

## चतुरंग ब्रह्मचर्य

"सारिपुत्र ! चार अङ्गले युक्त ब्रह्मचर्य[१] (=वीर्य) पालन गरेको कुरा मलाई थाहाछ—'(१) तपस्वीहरूमध्येमा परम तपस्वी भएको (२) रूक्षाचारीहरूमध्येमा परमरूक्षाचारी भएको (३) जुगुप्सुहरूमध्येमा परमजुगुप्सु भएको र (४) प्रविवेकीहरू (=एकान्तवासीहरू) मध्येमा परम प्रविवेकी भएको।

---

१. पालिसाहित्यमा 'ब्रह्मचर्य' शब्दको अर्थ ठाउँ हेरीकन विविध प्रकारले लगाइन्छ भनी पपं. सू. II. पृ. ३४: महासीहनादसुत्त-वण्णनाले यसरी उदाहरणहरू प्रस्तुत गरेको छ। जस्तै—

१. "किन्ते वतं किं पन ब्रह्मचरियं,
किस्स सुचिण्णस्स अयं विपाको।
इद्धी जुती बलविरियूपपत्ति,
अक्खाहि मे नाग महाविमानं॥

Downloaded from http://dhamma.digital

महुञ्च भरिया च मनुस्सलोके,
सद्धा उभो दानपति अहुम्ह ।
ओपानभूतं मे घरं तदासि,
सन्तप्पिता समण ब्राह्मणा च ।।

तम्मे वतं तं पन ब्रह्मचरियं,
तस्स सुचिण्णस्स अयं विपाको ।
इद्धी जुती बलविरियूपपत्ति,
इदञ्च मे धीर महाविमानं'ति ।।" भनी जा. पा.
II. पृ. ३१७ मा उल्लिखित विधुर जातकमा 'ब्रह्मचर्य' को अर्थ 'दान' लाई भनिएको हो। (पपं. सू. II. पृ. ३४ मा चाहिं उपरोक्त गाथा 'पुण्णक जातकको' हो भनी उल्लेख भएको छ। तर त्यस्तो नाउँको जातक भने छैन।)

२. "केन पाणि कामददो, केन पाणि मधुस्सवो।
केन ते ब्रह्मचरियेन, पुञ्ञं पाणिम्हि इज्झति ।।
तेन पाणि कामददो, तेन पाणि मधुस्सवो।
तेन मे ब्रह्मचरियेन, पुञ्ञं पाणिम्हि इज्झती'ति ।।"
भनी पेत. व. पा. पृ. १६४: अङ्कुरपेतवत्थुमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'सेवाशुश्रूषा' हो। (यो कथा लेखकको बुद्धकालीन प्रेतकथा पृ. १ मा उल्लेख भएको छ।)

(३) "इदं खो तं भिक्खवे तित्तिरियं नाम ब्रह्मचरियं अहोसि" भनी चुल्ल. व. पा. पृ. २५६ र जा. अ. क. I–II.

Downloaded from http://dhamma.digital

पृ. १६५ तित्तिरजातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'पञ्चशील' हो। (यो जातक लेखकको जा. सं–४ पृ. ८ मा उल्लेख भएको छ।)

(४) "तं खो पञ्चसिख, ब्रह्मचरियं नेव निब्बिदाय न विरागाय यावदेव ब्रह्मलोकूपपत्तिया'ति" भनी दी. नि. II. पृ. १८७ महागोविन्द सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'चतुब्रह्म-विहार' हो। (यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भा–१, पृ. ३२८ मा भएको छ।)

(५) "एकस्मिं ब्रह्मचरियस्मिं, सहस्सं मच्चुहायिनं'ति।" भनी सं. नि. I. पृ. १५५ अन्धकविन्द सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'धर्मदेशना' हो।

(६) "परे अब्रह्मचारी भविस्सन्ति मयमेत्थ ब्रह्मचारी भविस्सामी'ति" भनी म. नि. II. पृ. ५६ सल्लेख सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'मैथुनबाट अलग्ग रहनु' हो।

(७) "मयञ्च भरियं नातिक्कमाम,
अम्हे च भरिया नातिक्कमन्ति।
अञ्ञत्र ताहि ब्रह्मचरियं चराम,
तस्मा हि अम्हं दहरा न मीयरे'ति॥" भनी जा. पा. I. पृ. २०६ धम्मपाल जातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'स्वदार सन्तुष्टिता' हो।

(८) "हीनेन ब्रह्मचरियेन, खत्तिये उपपज्जति।
मज्झिमेन च देवत्तं, उत्तमेन विसुज्झती'ति॥"

Downloaded from http://dhamma.digital

भनी जा. पा. II. पृ. १६३ निमि जातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'अष्टाङ्गिक उपोसथ' हो ।

(९) "इदं खो पञ्चसिख, ब्रह्मचरियं एकन्त निब्बिदाय विरागाय...अयमेव अरियो अट्ठङ्गिको मग्गो'ति" भनी दी. नि. II. पृ. १८७ महागोविन्द सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'आर्यमार्ग' हो । (यो सूत्रको अनुवाद लेखकको बु. ब. भा–१, पृ. ३२८ मा भएको छ ।)

(१०) "तयिदं ब्रह्मचरियं इद्धञ्चेव फीतञ्च वित्थारिकं बाहुजञ्ञं पुथुभूतं, यावदेव मनुस्सेहि सुप्पकासितं'ति" भनी दी. नि. III. पृ. ९७ पासादिक सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'सर्व बुद्धधर्म' हो । (यस सूत्रको अनुवाद लेखकको बु. प. भा–१, पृ २९६ मा भएको छ ।)

(११) "अपि अतरमानानं, फलासाव समिज्झति ।
बिपक्क ब्रह्मचरियोसि, एवं जानाहि गामणी'ति ।।"

भनी. जा. पा. I. पृ. ४ गामणि जातकमा उल्लेख भएको 'ब्रह्मचर्य' को अर्थ 'अभिप्राय' हो ।

(१२) "यहाँ लेखिएको सूत्रमा चाँहि 'ब्रह्मचर्य' को अर्थ 'वीर्य' हो । 'वीर्य' लाई ब्रह्मचर्य भनी उल्लेख भएको सूत्र यही हो । एकै आत्मभावमा चार अङ्गले दुष्करचर्या गर्नु भएकोले 'चतुरंग ब्रह्मचर्य' भनिएको हो । पपं. सू. II. पृ. ३५: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

# दुष्करचर्या

(१) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो तपश्चर्या थियो– अचेलक[1] (–नांगासाधु) ले झैं बसेर दिसा-पिसाब गर्दिन। हातैले दिसा पुछ्थें। बोलाउँदा जाँदैनथें र उभिइरहू भन्दा उभिइरहन्नथें अघि नै लिएर आएको भिक्षा, उद्देश्य गरी बनाएको भिक्षा र निमन्त्रण गरेको भिक्षा पनि स्वीकार गर्दिनथें। घैंटोबाट झिकी दिएको भिक्षा, थैलोबाट झिकी दिएको भिक्षा, दैलोमा बसी दिएको भिक्षा, थामको बीचबाट दिएको भिक्षा, मुसलको बीचबाट दिएको भिक्षा, खाइरहेका दुइजनामध्ये एकजना उठेर दिएको भिक्षा, गर्भिणीले दिएको भिक्षा, दूध ख्वाइरहेकीले दिएको भिक्षा, कुनै पुरुषकहाँ गएकीले दिएको भिक्षा, कीर्तन गरी ल्याएबाट पकाएको भिक्षा, कुकुरलाई दिने भनी ल्याएको खानाबाट दिएको भिक्षा र झिंगाहरू परेको भोजन पनि लिन्नथें। माछा, मासु, रक्सी, जाँड र अरक आदि पिउन्नथें। एकै घरमा भिक्षा लिन्थें र एकै

---

१. अचेलकहरू लट्ठी आदिमा पनि प्राणी छ भन्ने विश्वास गर्छन्। त्यसैले उनीहरू कुनै काठको टुक्राले मल सफा गर्दैनन्। हातैले पुछ्छन्। उनीहरूकै चर्या पूरा गर्दै बोधिसत्वले पनि यस्ता सबै चर्याहरू पूरा गरेका थिए। हातले मल पुछी हातमा लागेको मल पनि जिब्रोले चाट्थे। पपं. सू. II. पृ. ३६: महासीहनादसुत्त-वण्णना।

Downloaded from http://dhamma.digital

गाँस मात्र खान्थें । दुइ घरमा भिक्षा लिन्थें र दुइ गाँस मात्र खान्थें ।. . . सात घरमा भिक्षा लिन्थें र सात गाँस मात्र खान्थें । एउटा थालमा दिएको भिक्षाबाट यापन गर्थें, दुइवटा थालमा दिएको भिक्षाबाट यापन गर्थें,. . . .र सातवटा थालमा दिएको भिक्षाबाट यापन गर्थें । एक एक दिन बिराइ खान्थें, दुइ दुइ दिन बिराइ खान्थें. . . .र सात सात दिन बिराइ खान्थें । यसरी आधा आधा महीनामा आलो पालो गरी खाने गरी बस्थें ।

"काँचो साग खान्थें, चामल खान्थें, जंगलका गेडागुडी मात्र खान्थें, छालाका टुक्राहरू खान्थें, झ्याउहरू खान्थें, कनिका खान्थें, डढेको भात खान्थें, पिना खान्थें, घाँस खान्थें, गोबर खाएर बस्थें र खसेको बनका फलहरूद्वारा पनि यापन गर्थें ।

"सनपातको वस्त्र, मसानको वस्त्र, मृत शरीरको वस्त्र, फ्याकेको वस्त्र, रुखका बोक्राका वस्त्र, मृगछालाको वस्त्र, खुर समेत भएको मृगछालाको वस्त्र, कुशको वस्त्र, वाकचीरको वस्त्र, फलेकचीरको वस्त्र, रौंको कम्बल, घोडाको पुच्छरको कम्बल र लाटोकोसेरोको प्वाँख पनि लगाउँथें । डाह्री जुंगा उखेल्दथें र दाह्री जुंगा उखेल्ने काममा लाग्दथें ।

"आसनमा नबसी टुक्रुक्क बस्दथें र टुक्रुक्क बस्ने काममा लाग्दथें । काँढाहरूमा सुत्ने हुन्थें र काँढाहरूमा आसन जमाउँदथें । (पाप पखाल्न भनी) संध्या समयसम्म दिनको

Downloaded from http://dhamma.digital

तीन पटक नुहाउने गर्थे । यसरी अनेक प्रकारले शरीरलाई ताप पीडा दिने काममा लागेको थिएँ । सारिपुत्र ! यही मेरो तपश्चर्या थियो ।

(२) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो रूक्षाचार थियो—वर्षौंको मैलो पत्र पत्र भई शरीरमा जमेको हुन्थ्यो । सारिपुत्र ! जस्तै पुरानो कुनै काठको थाममा वर्षौंनिको पत्र पत्र मैलो जमेको हुन्छ । सारिपुत्र ! त्यस्तै गरी मेरो शरीरमा अनेक वर्षको मैलो पत्र पत्र भई जमेको हुन्थ्यो । सारिपुत्र ! त्यस्तो हुने मलाई यस्तो पनि लाग्दैनथ्यो—'अहो ! यो मैलो-लाई हातले पुछुँ अथवा कसैले यो मैलो पुछिदियोस् ।' सारिपुत्र ! यस्तो पनि मलाई लाग्दैनथ्यो । सारिपुत्र ! यही मेरो रूक्षाचार थियो ।

(३) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो जुगुप्सुता (हिंसाप्रति घृणा) थियो—सारिपुत्र ! त्यो म होसराखी (सतो व) अगाडि जान्थें र होसराखी पछाडि जान्थें । यहाँ-सम्मकि 'विषम स्थालमा रहेका प्राणीको हिंसा हुन नपाओस्' भनी एक थोपो पानी माथि पनि[1] दया उपस्थित हुन्थ्यो । सारिपुत्र ! यही मेरो जुगुप्सुता (हिंसाप्रति घृणा) थियो ।

---

१. यो जम्मै कठोरता त्यस बखतका अचेलक साधुहरूको विश्वास अनुसार भएको थियो र कुनै पनि स्याना स्याना प्राणीको समेत हिंसा नहोस् भन्ने हेतुले बहाँ होस् राखी हिंड्नुहुन्थ्यो । अचेलकहरू भुइँमा हिंडेदेखि शीलवान् हुन्नन् । भिक्षाटन् गर्न जाँदा पनि

Downloaded from http://dhamma.digital

(४) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो प्रविवेकता (=एकान्तवास) थियो— सारिपुत्र ! त्यो म कुनै जंगलभित्र गई बस्थें । जब गोपालक, पशुपालक, घाँसे, दाउरे अथवा बनमा कामगर्नेहरू देख्थें तब म जंगलबाट जंगलमै, गहनबाट गहनमै र होंचो ठाउँबाट होंचो ठाउँमै गई बस्थें । त्यो किनभने ?— उनीहरूले मलाई नदेखुन् र मैले पनि उनीहरूलाई देख्न नपरोस् । सारिपुत्र ! जस्तै— जंगलमा बस्ने मृगले मानिसहरूलाई देखेर जंगलबाट जंगलमै, गहनबाट गहनमै तथा होंचो ठाउँबाट होंचो ठाउँमै भाग्छन् सारिपुत्र ! त्यस्तै गरी जब गोपालक. . . .अथवा बनमा कामगर्नेहरूलाई देख्थें तब म जंगलबाट जंगलमै. . . .जान्थें । सारिपुत्र ! त्यो किनभने ?— उनीहरूले मलाई नदेखुन् र मैले पनि उनीहरूलाई देख्न नपरोस् । सारिपुत्र ! यही मेरो प्रविवेकता थियो ।

## विविध शुद्धिहरू

१–"सारिपुत्र ! त्यो म जहाँ गाईहरू निस्केका गोठलाहरू नभएका गोठहरू हुन् त्यहा हात र घुँडाले टेकेर

---

दुश्शील भएर नै जान्छन् । उपस्थाकहरूको घरमा भोजन गर्दा पनि दुश्शील भएर नै खान्छन् । फर्कंदा पनि दुश्शील भएर नै फर्कन्छन् । जब मयूरको प्वाँखले फलेक बढारी शील अधिष्ठान गरी बस्छन् तब मात्र उनीहरू शीलवान् हुन्छन् । पपं. सू. II. पृ. ३८: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

गई दूध खाने बाछाहरूको गोबरहरू खान्थें। सारिपुत्र! यतिसम्म पनि कि आफ्नो मल-मूत्र पनि छाड्दैनथें बल्की आफ्नै मल-मूत्र पनि खान्थें। सारिपुत्र! यो थियो मेरो महाविकट आहार।

२–"सारिपुत्र! त्यो म कुनै भयावह वनखण्डभित्र गई बस्थें। सारिपुत्र! त्यहाँ त्यो भयावह वनखण्डमा यस्तो भयावह थियो—जो कोही अवीतरागी त्यो वनखण्डमा जान्छ भने धेरैजसोलाई जिरींग हुन्छ। सारिपुत्र! जो ती हेमन्तका शीत रातहरू हुन् जो त्यो अन्तरट्ठक[1] (=आठ रातको बीच) हिमपात समय हो—त्यस्ता रातहरूमा खुला ठाउँमा र दिनमा वनमा बस्थें। ग्रीष्मको आखिरी महिनाको दिनमा खुला ठाउँमा र रातमा वनमा बस्थें। सारिपुत्र! त्यसबखत पहिले नसुनेको अनाश्चर्य गाथा मेरो मनमा आएको थियो—

---

१. माघ महीनाको आखिरी चार दिन र फागुन महीनाको पहिलो चार दिन गरी यी आठ दिनलाई 'हिमपात समय' भन्दछन् र यसैलाई यहाँ 'अन्तरट्ठक' भनिएको हो। पपं. सू. II. पृ. ३९: महासीहनादसुत्तवण्णना।

Downloaded from http://dhamma.digital

'सोतत्तो सोसिन्नो[१] चेव[२], एको[३] भिंसनके वने ।
नग्गो न चग्गिमासीनो[४], एसनापसुतो मुनी'ति ॥'

अर्थ—

'एक्लै भीषण वनमा नांगो भई बस्ने मुनि दिनमा सूर्यको तापले तप्त भई रातमा हिउँको शीतलले पीडित हुँदा पनि आगो नतापी शुद्धिको खोजमा रत थिए ।'

३—"सारिपुत्र ! म मृत शरीरका हाडहरूलाई सिरान बनाई मसानमा सुत्थें । सारिपुत्र ! अनि त्यहाँ गोपालक केटाहरू आई ममाथि थुक्थे, मुत्थे, धूलो छर्थे र काठका टुक्रा पनि कानको प्वालमा घुसारिदिन्थे । सारिपुत्र ! त्यस समय उनीहरूमाथि मेरो मनमा खराब विचार उत्पन्न भएको मलाई थाहा थिएन । सारिपुत्र ! यो मेरो उपेक्षा[५] थियो ।

---

१. सिंहल र रोमनमा: 'सोसीयो'; स्याममा: 'सोसिनो' ।

२. यो शब्द सिंहल, स्याम र रोमनमा छैन ।

३. स्याममा: 'एको एको' ।

४. स्याममा: 'चग्गिमासिनो' ।

५. यो चाहिं एकानब्बे कल्प अघि पूरा गरेका पारमीको बारेमा दर्शाइएको हो । जसको बारेमा यस्तो उल्लेख भएको छ—

"सुखे पत्ते न रज्जामि, दुक्खे होमि न दुम्मनो ।
सब्बत्थ तुलितो होमि, एसा मे उपेक्खा पारमी'ति ॥"

पपं. सू. II. पृ. ४०: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

४–"सारिपुत्र ! केही ब्राह्मणहरू यस्तो विश्वास र धारणा गर्छन्—'आहारद्वारा शुद्धि हुइन्छ ।' उनीहरू यस्तो भन्छन्—'बयरद्वारा यापन गर्छौं ।' उनीहरू बयर खान्छन्, बयरको चूर्ण खान्छन्, बयरको रस पिउँछन् र बयरका अनेक प्रकारका खाना खान्छन् । सारिपुत्र ! मैले यौटा मात्र बयर खाएर बसेको कुरा मलाई थाहाछ । सारिपुत्र ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि त्यसबेला बयर ठूलो होला । सारिपुत्र ! यस्तो चिताउनु पर्दैन । त्यसबखतको बयर पनि अहिलेकै जत्रै थियो । सारिपुत्र ! अनि यौटै बयर खाएको मेरो शरीर अत्यधिक दुब्लो भयो । जस्तै कुनै आसीतिक गाँठाहरू वा कालकलताका गाँठाहरू[1] हुन्छन् त्यस्तै मेरो शरीरका अंगप्रत्यंगहरू दुब्ला पातला भए—सोही अल्पाहारताले गर्दा । जस्तै उँटका पैताला हो त्यस्तै मेरो मलद्वारको भाग भएको थियो—सोही अल्पाहारताले गर्दा । जस्तै डोरी बाटिएको हुन्छ त्यस्तै मेरो पिठ्यूँको ढाड अग्लो र होचो भएको थियो—सोही अल्पाहारताले गर्दा । जस्तै कुनै जीर्ण भएको घरका दलिनहरू यताउता हल्लिन्छन् त्यस्तै मेरो करङ्गहरू हल्लिन्थे—सोही अल्पाहारताले गर्दा । जस्तै गहिरो कुवामा ताराहरू गहिरोमा भए झैं देखिन्छन् त्यस्तै मेरो आँखाका खाल्टामा आँखाका ताराहरू गहिरो देखिन्थे—सोही अल्पाहारताले गर्दा । जस्तै नछिप्पिइँदै काटिएको तिक्तकलाबु

---

१. यो लताका गाँठाहरू सुकेका हुन्छन् र बीच बीचमा फुलेका हुन्छन् । पपं. सू. II. पृ. ४१: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

(लौका विशेष) घाम र बतासमा राख्दा चाउरिएर जान्छ त्यस्तै मेरो टाउकोको छाला पनि चाउरिएको थियो––सोही अल्पाहारताले गर्दा । सारिपुत्र ! पेटको छाला सुम्सुम्याउँछु भन्दा पिठ्यूँको हाड छुइन्थ्यो र पिठ्यूँको हाड सुम्सुम्याउँछु भन्दा पेटको छाला छुइन्थ्यो । सारिपुत्र ! यहाँसम्म कि पेटको छाला पनि पिठ्यूँको हाडमा टाँस्सिएको थियो––सोही अल्पाहारताले गर्दा ।

"सारिपुत्र ! झाडा वा पिसाप गर्छु भन्दा उहीं घोप्टोपरी लडथें––सोही अल्पाहारताले गर्दा । सारिपुत्र ! अनि म सोही शरीरलाई आश्वासन दिंदै हातले शरीर सुम्सुम्याउँथें । सारिपुत्र ! हातले शरीर सुम्सुम्याउँदा जरा मक्किएका मेरा रौंहरू झर्थे––सोही अल्पाहारताले गर्दा ।

५–"सारिपुत्र ! केही ब्राह्मणहरू यस्तो विश्वास र धारणा गर्छन्––'आहारद्वारा शुद्धि हुइन्छ ।' उनीहरू यस्तो भन्दछन्––'मूगीद्वारा यापन गर्छौं. . . .तीलद्वारा यापन गर्छौं . . . .तण्डुलद्वारा यापन गर्छौं ।' उनीहरू तण्डुल खान्छन्, तण्डुलको चूर्ण खान्छन्, तण्डुलको रस पिउँछन् र तण्डुलका अनेक प्रकारका खाना खान्छन् । सारिपुत्र ! मैले एक गेडा तण्डुल खाएर बसेको कुरा मलाई थाहाछ । सारिपुत्र ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि त्यसबेलाको तण्डुल ठूलो होला । सारिपुत्र ! यस्तो चिताउनु पर्दैन । त्यसबखतको तण्डुल पनि अहिलेकै जत्रै थियो । सारिपुत्र ! अनि एक गेडा

Downloaded from http://dhamma.digital

तण्डुल खाने मेरो शरीर अत्यधिक दुब्लो भयो। जस्तै कुनै आसौतिक गाँठाहरू वा कालकलताका गाँठाहरू हुन्छन् त्यस्तै मेरो शरीरका अङ्ग प्रत्यङ्गहरू दुब्ला पातला भए—सोही अल्पाहारताले गर्दा। जस्तै उँटका....[१]। सारिपुत्र! हातले शरीर सुम्सुम्याउँदा जरा मक्किएका मेरा रौंहरू झर्थे—सोही अल्पाहारताले गर्दा।

"सारिपुत्र! त्यो आचारले (इरियाय) पनि त्यो प्रतिपदाले पनि त्यो दुष्करकारिका (=तपस्या) ले पनि उत्तरीय मनुष्यधर्म र आर्यज्ञान दर्शन गर्न सकिन। किनभने? जुन आर्यप्रज्ञा पाई तदनुरूप आचरण गर्नेलाई सम्यक् प्रकारले दुःख क्षय हुने बाटोतिर लैजान्छ त्यो आर्यप्रज्ञालाई नपाएको हुनाले।

६—"सारिपुत्र! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्—'संसारद्वारा[२] शुद्धि हुइन्छ।' सारिपुत्र! त्यस्तो संसार सुलभ छैन जुन संसारमा यत्रो दीर्घकालभित्र—शुद्धावास बाहेक—म गएको नहोस्। सारिपुत्र! यदि म शुद्धावासमा गएको भए यो लोकमा फेरि आउने थिइन होला।

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३० मा उल्लेख भए झैं मिलाई दोहऱ्याई पढ्नू।

२. धेरै बार संसारमा घुमिसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास। पपं. सू. II. पृ. ४२: महासीहनादसुत्तवण्णना।

Downloaded from http://dhamma.digital

७–"सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्—'उत्पत्तिद्वारा[१] शुद्धि हुइन्छ। सारिपुत्र ! त्यस्तो उत्पत्तिस्थान सुलभ छैन जुन उत्पत्तिस्थानमा यत्रो दीर्घकालभित्र—शुद्धावास बाहेक—उत्पन्न भएको नहोस् । सारिपुत्र ! यदि म शुद्धावास देवलोकमा उत्पन्न भएको भए यो लोकमा फेरि आउने थिइन होला ।

८–"सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्—'बसाइँद्वारा[२] शुद्धि हुइन्छ ।' सारिपुत्र ! त्यस्तो आवास सुलभ छैन जुन आवासमा यत्रो दीर्घकालभित्र–शुद्धावास बाहेक—बास गरेको नहोस् । सारिपुत्र ! यदि म शुद्धावासमा बसेको भए यो लोकमा फेरि आउने थिइन होला ।

९–"सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्—'यज्ञद्वारा शुद्धि हुइन्छ ।' सारिपुत्र ! त्यस्तो यज्ञ सुलभ छैन जुन कि यत्रो दीर्घकालभित्र मूर्द्धाभिषिक्त क्षत्री राजा भएर वा ब्राह्मण महाशाल भएर अघि नगरेको ।

१०–"सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन् – 'अग्निहोत्रद्वारा शुद्धि हुइन्छ ।' सारिपुत्र !

---

१. धेरै बार जन्म लिइसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास । पपं. सू. II. पृ. ४२.

२. धेरै ठाउँमा बसिसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास । पपं. सू. II. पृ. ४२: महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital

त्यस्तो अग्निहोत्र सुलभ छैन कि यत्रो दीर्घकालभित्र मूर्द्धाभिषिक्त क्षत्री राजा भएर वा ब्राह्मण महाशाल भएर अघि नगरेको ।

११–"सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्—'जबसम्म कुनै पुरुष तरुण हुन्छ, कालो केश हुने युवा हुन्छ, भद्र यौवनले युक्त आयुले पहिलो बैंशमा पुगेको हुन्छ तबसम्म उत्तम प्रज्ञाव्यक्तताले युक्त हुन्छ । जब सो पुरुष जीर्ण हुन्छ, बृद्ध हुन्छ, धेरै वर्षको बुढो हुन्छ र बैंश बिती असी वर्षीय वा नब्बे वर्षीय वा शय वर्षीय आयु हुन्छ तब उ त्यस प्रज्ञाव्यक्तताबाट परिहानी हुन्छ ।' सारिपुत्र ! यस्तो सोच्नु हुन्न । सारिपुत्र ! अहिले म जीर्ण, बृद्ध, जेठो, धेरैवर्ष बितेको र बैंशपुगी असी वर्ष मेरो आयु भएको छ । सारिपुत्र ! भनौंकि यहाँ मेरो शय वर्ष पुगेका शय वर्ष बाँचेका परमस्मृति सम्पन्न, गति सम्पन्न, घृति सम्पन्न र प्रज्ञा व्यक्तताले युक्त चारजना श्रावकहरू छन् । सारिपुत्र ! जस्तै दृढधर्मधनुष[१] समात्ने शिक्षित कृतहस्त कृतउपासन गर्नेले हलुका बाँणलाई बिना प्रयासले तेर्सो तालवृक्षको छाया पार गर्छ—त्यस्तै

१. दुइ हजार पुरुषको बल हुनेले उचाल्नुपर्ने धनुषलाई 'दृढधर्म धनुष' भनिएको हो भनी पपं. सू. II. पृ. ४३: महासीहनादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital

गरी––अधिकस्मृति हुने अधिक गति हुने अधिक धृति हुने र परम प्रज्ञाव्यक्तताले युक्त हुने श्रावकले मसँग चारै सतिपट्ठानको सम्बन्धमा प्रश्नहरू सोध्छन् । सोधे सोधेकाको उत्तर म दिऊँ । दिए दिएका कुरा उनीहरूले धारण गर्छन् । मसँग दोश्रो अरू प्रश्न सोध्दैनन् । सारिपुत्र ! खान पानको समय बाहेक, दिसा पिसाप गर्ने समय बाहेक र थकावट हटाउनको निमित्त निदाउने समय बाहेक तथागतको धर्मदेशना परिक्षीण हुन्न । तथागतको धर्मपद-व्यञ्जनहरू परिक्षीण हुन्नन् । तथागतको प्रश्नको उत्तर परिक्षीण हुन्न । अनि ती मेरा चारजना शय वर्षीय श्रावकहरूको शय वर्ष बितेपछि मृत्यु हुन्छ । सारिपुत्र ! खाटमा राखेर लैजानुपर्ने अवस्थामा पनि तथागतको प्रज्ञा-व्यक्ततामा विकारता आउँदैन । सारिपुत्र ! 'असम्मोही प्राणी बहुजन हितको निमित्त बहुजन सुखको निमित्त लोकानुकम्पाको निमित्त तथा देवमनुष्यहरूको अर्थ हित सुखको निमित्त लोकमा उत्पन्न भयो' भनी साँच्चै भन्ने हो भने मलाई नै 'असम्मोही प्राणी. . . .अर्थ हित सुखको निमित्त लोकमा उत्पन्न भयो' भनी भन्न योग्य छ ।"

त्यसबखत आयुष्मान् नागसमाल भगवान्को पछाडि-पट्टि बसी भगवान्लाई पंखा हम्कदै थिए । अनि आयुष्मान् नागसमालले भगवान्सँग यस्तो सोधे––"आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते ! यो धर्मोपदेश सुनेर भन्ते ! म जिरिङ्ग भएँ । भन्ते ! यो धर्मोपदेशको के नाम हो ?"

Downloaded from http://dhamma.digital

"नागसमाल ! त्यसोभए तिमीले यो धर्मोपदेशलाई 'जिरिङ्ग हुने धर्मोपदेश' (लोमहंसन परियायत्वेव) भनी धारणा गर ।"

यति भन्नु भएपछि सन्तुष्ट भएका नागसमालले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन–
## (नेपाल भाषा)

(१) बुद्धया भिंनिगु विपाक
(२) अभिधर्म भाग–१
(३) मैत्री भावना
(४) ऋद्धि प्रातिहार्य
(५) योम्ह म्ह्याय्
(६) पञ्चनीवरण
(७) बुद्ध धर्म, द्वितीय संस्करण
(८) भावना
(९) एकताया ता:चा
(१०) प्रेमं छु ज्वी ?
(११) कर्तव्य
(१२) मिखा द्वि. संस्करण
(१३) बुद्धया अन्तिम यात्रा–१
(१४) " " –२
(१५) त्रिरत्न गुण स्मरण (तृतिय संस्करण)
(१६) परित्राण (द्वितिय संस्करण)
(१७) कर्म
(१८) प्रार्थना संग्रह द्वि. संस्करण
(१९) बाखँ भाग–१
(२०) " " –२ द्वि. संस्करण
(२१) " " –३
(२२) मत्ति भिंसा गति भिनी
(२३) बौद्ध ध्यान
(२४) हृदय परिवर्तन
(२५) न्हापांयाम्ह गुरु सु ? द्वि सं.
(२६) बोधिसत्व
(२७) शाक्यमुनि बुद्ध
(२८) अनत्त लक्खण सुत्त
(२९) वासेट्ठी थेरी
(३०) धम्म चक्कप्पवत्तन सुत्त
(३१) लक्ष्मी द्यो
(३२) महास्वप्नजातक
(३३) अभिधर्म भाग–२
(३४) बाखँया फल भाग– १
(३५) " " भाग–२
(३६) जातक बाखँ, द्वितीयावृत्त
(३७) राहुलयात उपदेश
(३८) अहिंसाया विजय
(३९) प्रौढ बौद्ध कक्षा
(४०) मुर्खम्ह पासा मज्यू
(४१) बुद्धया अर्थनीति
(४२) श्रमण नारद
(४३) क्षान्ति व मैत्री
(४४) उखानया बाखँ पुच:
(४५) पालि भाषा अवतरण
(४६) पालि प्रवेश भाग– १
(४७) चमत्कार
(४८) मणिचूड जातक
(४९) चरित्र पुच:
(५०) महाजनक जातक
(५१) गृही–विनय तृ. संस्करण

Downloaded from http://dhamma.digital

(५२) बाखँ भाग-४
(५३) अभिधर्म
(५४) सप्तरत्न धन
(५५) महासति पट्ठान सूत्र
(५६) शान्तिया त्वाथः
(५७) चरित्र पुचः भाग-२
(५८) बुद्ध व शिक्षा
(५९) जातक माला भाग-१
(६०) बौद्ध ध्यान भाग-२
(६१) किसा गौतमी
(६२) जप पाठ व ध्यान
(६३) लुम्बिनी बिपस्सना
(६४) विश्व धर्म प्रचार देशना
(६५) योगीया चिट्ठी
(६६) बुद्ध-जीवनी
(६७) पालि प्रवेश भाग-२
(६८) विश्व धर्म प्रचार देशना -भाग २
(६९) जातक माला भाग-२
(७०) सर्वज्ञ
(७१) सर्वज्ञ भाग-२
(७२) धम्मपद कविता
(७३) धर्म मसीनि
(७४) दान
(७५) तेमिय जातक
(७६) वम्मिक सुत्त
(७७) मध्यम मार्ग
(७८) महासीहनादसुत्तं

## ( नेपाली भाषा )

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उद्यानको कथा संग्रह
(१३) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१४) मिलिन्द प्रश्न
(१५) श्रमण नारद
(१६) वेस्सन्तर जातक
(१७) बौद्ध विश्वास भाग-१
(१८) सतिपट्ठान भावना
(१९) बौद्ध विश्वास भाग-२
(२०) बौद्ध दर्पण
(२१) सप्तरत्न धन

Dharmakirti Publication—

( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakiriti Vihar Today
3. Dharmakirti Vihar

मुद्रक- नेपाल प्रेस, शुक्रपथ, काठमाडौं । फोन २-११०३२

Downloaded from http://dhamma.digital